धनगढी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

कार्य सम्पन्न नगरे ठेक्का किन नतोड्ने सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति: २०८३/०८/०२

यस धनगढी उप महानगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित सप्लाई सम्बन्धी ठेक्का कार्यको सुरु सन्झौताको म्याद समाप्त भए पश्चात म्याद समेत थप भई तोकिएको अवधिमा समेत सप्लाई गर्ने कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाई जानकारी विहिन रहेको साथै यस कार्यालयबाट विभिन्न मितिमा लिखित तथा मौखिक रूपमा सप्लाई कार्य सम्पन्न गर्न अनुरोध तथा जानकारी गराउदा समेत व्यवसायीबाट सप्लाई कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले सूचना प्रकाशन मितिले १५ दिन भित्र कार्य सम्पन्न गर्न सक्ने संसोधित कार्यतालिका, कार्य सम्पादन गर्ने भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिबद्धता र ठेक्का नतोड्ने कुनै मनासिब कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टिकरण सहित आधिकारिक व्यक्ति यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ। उपरोक्त अवधिमा कार्य सम्पन्न गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन २०६३ (दोश्रो संसोधन समेतको) को दफा ५९ तथा सार्वजनिक खरिद नियमावली २०६४ (सोह्रौ संसोधन समेतको) को नियम १२८ र ठेक्का सम्झौताको देहायको तालिकामा उल्लेखित General Condition of Contract मा प्रावधान भए बमोजिम ठेक्का सम्झौता अन्त्य गरि कालोसूचीमा राख्ने तथा नियमानुसार कार्य सम्पादन जमानत जफत गर्नुको साथै उक्त सप्लाई गर्नको लागि लाग्ने अतिरिक्त खर्च सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारवाही अधि बढाइने आदेशानुसार जानकारी गराइन्छ।

तपसिल

सि.नं.	ठेक्का नं.	व्यवसायीको नाम	कार्यको विवरण	खरिद सम्झौताको GCC Clause No.
1	151/DSMC/2081/082	श्री गेट इन्जिनियरिंग ट्रुप प्रा. ली. शंखमुल, काठमाण्डौ	Procurement for the supply, Delivery and Installation of Interactive Smart Board with Accessories of Specified Specification for Various School of Dhangadhi Sub Metropolitan City	34

प्रशासकीय अधिकृत

सुरेन्द्र सिंह कार्की
प्रशासकीय अधिकृत